बैठक संख्याः २२।२०८२
बैठक मितिः २०८२।१०।२१ गते, समयः विहान ११:०० वजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

आज मिति २०८२।१०।२१ गते, बुधवार बिहान ११:०० वजे ससकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय वमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जयराम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्गा | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्ग | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | सन्जु |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| आमन्त्रित एवं सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |
| २ | श्री कविता वस्नेत | लेखा अधिकृत | | |

बैठक संख्याः २२।२०८२

बैठक मितिः २०८२।१०।२१ गते, समयः विहान ११:०० वजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ३ | श्री लोकेश चन्द्र पैकरा | इन्जिनियर सातौं | | |
| ४ | श्री किशोर कुमार यादव | इन्जिनियर छैठौं | | |

**प्रस्तावहरू**

१. प्रस्ताव नं. १ : नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्वन्धमा ।

२. प्रस्ताव नं. २ : संघीय समपूरक अनुदान र विशेष अनुदान प्राप्तिको लागि योजना प्रस्ताव सम्बन्धमा।

३. प्रस्ताव नं. ३ : निजी जग्गावाट वालुवा, ग्राभेल उत्खनन, संकलन तथा विक्री वितरणको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति गर्ने सम्वन्धमा।

४. प्रस्ताव नं. ४ : विद्युतिय चार्जिङ्ग सेन्टर निर्माणको सहमति सम्वन्धमा ।

५. प्रस्ताव नं. ५ : अध्ययन अवलोकन भ्रमण सम्वन्धमा ।

६. प्रस्ताव नं. ६ : नगर खेलकुद विकास कार्यक्रमको स्वीकृति सम्वन्धमा ।

७. प्रस्ताव नं. ७ : अधुरा योजनाहरुको निर्माण सम्वन्धमा ।

**निर्णयहरू**

**निर्णय नं. १**

ससकोशी नगरपालिकाको अघिल्लो नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाण्डौंको मिति २०८२।८।२६ मा प्रकाशित संघीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहवाट आर्थिक वर्ष २०८३।०८४ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्वन्धी विस्तृत सूचना वैठक समक्ष जानकारी भयो । उक्त सम्बन्धमा ससकोशी नगरपालिकाबाट आ.ब.२०८३।०८४ मा संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत देहाय बमोजिमका आयोजना/कार्यक्रमहरु संचालनका लागि प्रस्ताव तयार गरी राष्ट्रिय योजना आयोगमा पठाउने र संघीय समपूरक अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि ससकोशी नगरपालिकाबाट ५०% (पचास प्रतिशत) लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता गर्ने निर्णय गरियो ।

बठक सख्याः २२।२०८२
बैठक मितिः २०८२।१०।२१ गते, समयः विहान ११:०० वजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

<u>तपसिल</u>

क. आ.व.२०८३।०८४ मा संघीय समपूरक अनुदान अन्तर्गत संचालन गरिने प्रस्तावित आयोजना/कार्यक्रमको विवरणः

| सि.नं. | आयोजना/कार्यक्रमको नाम र ठेगाना | संघीय समपुरक अनुदान रु. | नगरपालिकाको लागत सहभागिता रु. | कुल लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | त्रियुगा मोक्ष धाम निर्माण वडा नं.१ | २००००००० ।- | २००००००० ।- | ७००००००० ।- | आ.व.२०८२।०८३ वाट शुरु भई क्रमागत |
| २ | म्यागजिन चौरिया स्थित वडा नं. ६ देखि वडा नं.१० सम्मको त्रियुगा नदी नियन्त्रण | ३५००००००।- | ३५००००००।- | ७००००००० ।- | नयाँ |
| ३ | तुलसीचोक देखि वडा नं.९को खंगटोल सम्म कालोपत्रे सडक (तुलसी चोक देखि मुसहरी वस्ती हुँदै वडा नं.२ को सिमाना सम्म र वडा नं. ७ को वडा कार्यालय हुँदै वडा नं.८ को अधुरो पिच कोशीलाल टोल राजकुमारी चौधरीको घरजाने वाटो कालोपत्रे सम्म र वडा नं. ९ पाटन टोल हुँदै खंग टोल अधुरो कालोपत्रे सम्मको सडक कालोपत्रे) | ३५००००००।- | ३५००००००।- | ७००००००० ।- | नयाँ |

ख. आ.व.२०८३।०८४ मा संघीय विशेष अनुदान अन्तर्गत संचालन गरिने प्रस्तावित आयोजना/कार्यक्रमको विवरणः

| सि.नं. | आयोजना/कार्यक्रमको नाम र ठेगाना | विशेष अनुदान रु. | कुल लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|---|
| १ | गंगाजली, मयुरनी खाता र मलेठ खोला नियन्त्रण | ३००००००० ।- | ३००००००० ।- | आ.व.२०८२।०८३ वाट शुरु भई क्रमागत |
| २ | ट्याङग्रा खोला तथा नदी नियन्त्रण एवं सुकुम्वासी टोलको अमाहा,पटेरवा खोला र वगाहा खोला नियन्त्रण | ३००००००० ।- | ३००००००० ।- | नयाँ |
| ३ | कृषि विद्युत्तीकरण ससकोशी नगरपालिका भिव | ३००००००० ।- | ३००००००० ।- | नयाँ |

बैठक संख्याः २२।२०८२

बैठक मितिः २०८२।१०।२१ गते, समयः विहान ११:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

<u>निर्णय नं. ३</u>

प्रस्तावक लक्ष्मी शाह कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ससकोशीले जग्गाधनी रामचन्द्र साहको नाममा रहेको ससकोशी नगरपालिका वडा नं.५, गंगाजली गाँउको दहखेतमा अवस्थित तपसिल वमोजिमको निजी स्वामित्वको जग्गावाट वातावरणीयमैत्री रुपले वालुवा तथा ग्राभेल उत्खनन, संकलन तथा विक्री वितरण गर्नको लागि परामर्शदाता प्रो-डेक्स ईन्जिनियरिङ्ग ईन्क प्रा.लि. नयाँवस्ती, काठमाण्डौवाट तयार गरी पेश गरेको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यको कार्यसूची मिति २०८२।६।३१ गतेको नगर कार्यपालिका बैठकबाट स्वीकृत गरिएकोमा निज प्रस्तावक लक्ष्मी शाह कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ससकोशीले परामर्शदाता प्रो-डेक्स ईन्जिनियरिङ्ग ईन्क प्रा.लि. नयाँवस्ती, काठमाण्डौबाट तयार गरी पेश गरेको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित उत्खनन योग्य वालुवा तथा ग्राभेलको परिमाण समेतको अध्ययन एवं स्थलगत निरीक्षण गरी उक्त संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको सम्वन्धमा राय सहितको प्रतिवेदन गर्न मिति २०८२।९।३० गतेको नगर कार्यपालिकाको निर्णयानुसार ईन्जिनियर सातौं, श्री लोकेश चन्द्र पैकराको संयोजकत्वमा प्राविधिक समिति गठन गरेकोमा प्राविधिक समितिवाट उक्त संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन माथिको अध्ययन एवं स्थलगत अनुगमन निरीक्षण समेत गरी रामचन्द्र साहको निजी स्वामित्वको देहायको जग्गाहरु मध्ये कित्ता नं.२०८ बाट उत्खनन नगर्ने र प्रस्तावकले खोला संरक्षण गर्न वाँध निर्माण कार्य गरेकोले उक्त स्थानवाट हाल उत्तर तर्फवाट १५ मिटर छोडेर वातावरणीयमैत्री रुपले ३९८७.३० घन मिटर ढुङ्गा, वालुवा तथा ग्राभेल उत्खनन, संकलन तथा विक्री वितरण गर्न सकिने भएकोले सो सम्वन्धीको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति गर्न उपयुक्त हुने भनि मिति २०८२।१०।२० गते प्रतिवेदन पेश गरेकोले उक्त संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनलाई स्वीकृत गरी प्रति घन मिटर रु.२००।– (दुई सय) (मू.अ.कर वाहेक) शुल्क लिई सम्वन्धितलाई स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणमा ढुङ्गा, वालुवा तथा ग्राभेल उत्खनन, संकलन तथा विक्री वितरण गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

<u>वालुवा तथा ग्राभेल उत्खनन तथा संकलन गरिने जग्गाको विवरण</u>

| क्र.सं. | वडा नं. | जग्गाधनीको नाम थर | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | वडा नं. ५ | राम चन्द्र साह | २१२ | ०-४-१५-० |
| २ | वडा नं. ५ | राम चन्द्र साह | २११ | ०-४-१५-० |

| | | | | |
|---|---|---|---|---|
| ३ | वडा नं. ५ | राम चन्द्र साह | २१० | ०-५-०-० |
| ४ | वडा नं. ५ | राम चन्द्र साह | २०९ | ०-५-०-० |
| ५ | वडा नं. ५ | राम चन्द्र साह | २०८ | ०-६-४-० |

**निर्णय नं. ४**

ससकोशी नगरपालिका, वडा नं.१ को कार्यालयको च.नं.५३१ मिति २०८२।१०।२० गतेको पत्रसाथ फत्तेपुर वसपार्क व्यवस्थापन समिति एवं त्रियुगा माईक्रो यातायात प्रा.लि.को संयुक्त निवेदन संलग्न राखी फत्तेपुर वसपार्क व्यवस्थापन समिति एवं त्रियुगा माईक्रो यातायात प्रा.लि.को संयुक्त लगानीमा वडा नं.१ स्थित वसपार्क क्षेत्रमा विद्युतिय सवारी साधनहरुको विद्युतिय चार्जिङ्ग सेन्टर स्थापना गर्न सहमति उपलव्ध गराई दिन अनुरोध भई आएकोमा साविकमा फत्तेपुर वहुउदेश्यीय सहकारी संस्थालाई सोही स्थानमा विद्युतिय चार्जिङ्ग सेन्टर स्थापनाको लागि सहमति दिई सकिएकोले सम्वन्धित वडाले तीनै संस्थाहरुलाई आपसी समन्वय गराई फत्तेपुर वसपार्क व्यवस्थापन समिति एवं त्रियुगा माईक्रो यातायात प्रा.लि.लाई सोही वमोजिम निवेदक संस्थाहरुको संयुक्त लगानीमा विद्युतिय चार्जिङ्ग सेन्टर निर्माण पछि नगरपालिकाले शुल्क निर्धारण गर्ने गरी विद्युतिय चार्जिङ्ग सेन्टर निर्माणको लागि सहमति उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

अन्य गाँउपालिका/नगरपालिकाहरुले गरेका विकास निर्माणको गतिविधि एवं सो नगरपालिकावाट सम्पादन हुने गरेका सेवा प्रवाहाको अवस्थाको विषयमा अध्ययन अवलोकन गरी असल अभ्यासहरुको सिकाईलाई ससकोशी नगरपालिकामा अवलम्वन गर्ने उदेश्यले ससकोशी नगरपालिकाका पदाधिकारी/जनप्रतिनिधि एवं कर्मचारीहरुको टोलिवाट भ्रमण गर्ने कार्यक्रमको विषयमा आगामी वैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

ससकोशी नगरपालिकाको चालु आ.व.२०८२।०८३ मा नगर खेलकुद विकास समिति कार्यक्रम शिर्षकमा वजेट रु.२५०००००।– (पच्चिस लाख) विनियोजन भएकोमा ससकोशी नगर खेलकुद विकास समितिको मिति २०८२।१०।२० गतेको वैठकको सिफारिस वमोजिम उक्त वजेटवाट देहाय वमोजिमको वजेट वाँडफाँड गरी खेलकुद सम्वन्धीका गतिविधिहरु संचालन तथा व्यवस्थापन गर्ने गरी स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

५/६

बैठक संख्याः २२।२०८२

बैठक मितिः २०८२।१०।२१ गते, समयः विहान ११:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

तपसिल

| क्र.सं. | खेलकुद कार्यक्रम | बजेट रु. | सञ्चालन अवधि |
|---|---|---|---|
| १ | तेस्रो मेयरकप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता,२०८२ सञ्चालन तथा व्यवस्थापन | ७००००० | फाल्गुन |
| २ | दोस्रो मेयरकप क्रिकेट प्रतियोगिता,२०८२ सञ्चालन तथा व्यवस्थापन | ३५०००० | चैत्र |
| ३ | तेस्रो ससकोशी गोल्डकप प्रतियोगिता,२०८२ सञ्चालन तथा व्यवस्थापन | ११५०००० | वैसाख/जेष्ठ |
| ४ | खेलकुद सामग्री खरिद | ५०००० | आवश्यक्ता अनुसार |
| ५ | विभिन्न संघ संस्था तथा क्लबहरुबाट खेलकुद सम्बन्धि आर्थिक सहयोग | ५०००० | माग निवेदन अनुसार |
| ६ | कार्यालय सञ्चालन तथा बैठक भत्ता | ७५००० | |
| ७ | जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन | १२५००० | चैत्र/वैसाख |
| | कुल जम्मा रकम रु. | २५००००० | |

निर्णय नं. ७

ससकोशी नगरपालिकाको अन्तर्गत विगतमा निर्माण शुरु भई सम्पन्न हुन बाँकी भएका अधुरा योजनाहरुको निर्माणको लागि १५ औं नगर सभाबाट चालु आ.व.२०८२।०८३ विभिन्न अधुरा भौतिक संरचनाहरुको निर्माण गर्नको लागि वजेट रु.३००००००।– विनियोजन भएकोमा उक्त अधुरा भौतिक संरचनाहरुको निर्माण गर्न प्राविधिक लागत अनुमान तयार गरी पेश हुँदा वजेट अपुग हुन गएकोले चालु आ.व.२०८२।०८३ मा समपुरक तथा योजना/कार्यक्रमहरुको लागि लागत साझेदारी शिर्षकमा विनियोजित वजेट मध्येवाट रु.१००००००।– रकम थप गरी जम्मा वजेट रु.४००००००।– वाट ठेक्का आव्हान गरी तपसिलका अधुरा योजनाहरु निर्माण गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | योजनाको नाम, ठेगाना |
|---|---|
| १ | श्री राष्ट्रिय आधारभुत विद्यालय सखुवनी वडा नं.३ |
| २ | श्री नन्द उमा पब्लिक मा.वि. वडा नं.८ |